


# अध्याय -८

## म उठ्नेछु

यस अध्यायका मुख्य पदहरूः भजन १८ः३-१८, भजन ४१ः१-३, व्यवस्था १५ः७-११, भजन ८२, भजन ९६ः६-१०, भजन ९९ः१-४ र रोमी ८ः३४।

<u>यस अध्यायको मुख्य पदः</u> *"परमप्रभु भन्नुहुन्छ, "अब म उठ्नेछु, किनकि कमजोरहरू लुटिएका छन्, र दरिद्रहरू सुस्केरा हाल्छन्, र तिनीहरूलाई हानि गर्नेहरूबाट म रक्षा गर्नेछु।" भजन १२ः५।*

दुष्ट, खराब तत्त्व, अत्याचार, अन्याय, भ्रष्ट मानिसहरूको विगिविगी, हत्या, हिंसा, शोषण, दमन जस्ता राक्षसी चरित्रहरूको ज्यादती हाम्रो युगमा मात्र होइन। भजनसंग्रहका लेखकहरू पनि वर्तमान युगमा जस्तै तिनीहरू पनि त्यही ज्यादती युगमा रहेका थिए। हत्या, हिंसा र दमन वा जेभएतापनि तिनीहरूप्रति परमेश्वरको घोर विरोध जारी छ, चाहे भजनका लेखकहरूको समयमा होस् वा वर्तमान युगमा। हो, परमेश्वर सहनशील हुनुहुन्छ र उहाँको क्रोध सही राख्नु उहाँको महान् सदाशयता हो। कोही पनि नाश नहोस् र सबै जनाले पश्चाताप गरेर तिनीहरूका मार्गहरू परिवर्तन गरुन् भन्ने उहाँको हार्दिक चाहना हो (२ पत्रुस ३ः९-१५)। उहाँको उचित समयमा हस्तक्षेप गर्ने काम जहिले पनि मानिसहरूले अपेक्षा गरेको अनुसार नहुन सक्छ, तर उहाँको न्यायको दिन आउने निश्चित छ (भजन ९६ः१३, भजन ९८ः९)। त्यो दिन नआउञ्जेल उहाँमाथि भरोसा राखिराख्नैपर्दछ, उहाँका प्रतिज्ञाहरूमा

भरपरिरहनुपर्दछ। त्यसको विकल्प छैन। यस संसारमा सम्मुनतको स्थायीत्व दिन न्याय दिन केवल सार्वभौम सृष्टिकर्ता परमेश्वरले मात्र उपलब्ध गराउन सक्नुहुन्छ किनकि उहाँको सिंहासन धार्मिकता र न्यायमा स्थापित भएको छ (भजन ८९:१४, भजन ९७:२)। परमेश्वरको न्याय गर्ने दई पक्षमा गरिन्छः धर्मी र दमनमा परेकाहरूको उद्धार र दुष्टहरूको बिनाश (भजन ७:६-१७)।

*यही तथ्य हामीलाई प्रतिज्ञा गरिएको छ। यही तथ्यको कार्यान्वियन हुनेछ। हाम्रो समयमा होइन, परमेश्वरको समयमा न्याय हुनेछ। यही तथ्यलाई भजनका लेखकहरूले जोर दिएका छन्।*

## १. राजसी योद्धा

**देहायका पदहरूले परमेश्वरको बारेमा कस्तो चित्रण गरिएको छ? आफ्ना जनहरूलाई उद्धार गर्न उहाँ तत्पर हुनुहुन्छ भनेर ती चित्रणहरूले कसरी बताउँछ? हेर्नुहोस्ः भजन १८ "१ हे परमप्रभु, मेरो शक्ति, म तपाईंलाई प्रेम गर्दछु। २ परमप्रभु मेरो चट्टान, मेरो किल्ला र मेरा उद्धारक हुनुहुन्छ। मेरा परमेश्वर मेरो चट्टान हुनुहुन्छ, जसमा म शरण लिन्छु। उहाँ मेरो ढाल, र मेरा शक्तिशाली उद्धारक हुनुहुन्छ, मेरो गढ़। ३ म परमप्रभुलाई पुकार्छु, जो प्रशंसाको योग्य हुनुहुन्छ, अनि म मेरा शत्रुहरूबाट बचाइनेछु। ४ मृत्युका डोरीहरूले मलाई घेरे, विनाशको बाढ़ीले मलाई व्याकुल बनायो। ५ पातालका डोरीहरूले मलाई बेह्रे, मृत्युको पासोले मेरो सामना गऱ्यो। ६ मेरो आपत्मा मैले परमप्रभुलाई पुकार गरें, र मदतको निम्ति मेरा परमेश्वरलाई हपारें। आफ्नो मन्दिरबाट उहाँले मेरो सोर सुन्नुभयो, मेरो पुकार उहाँको सामु, उहाँका कानमा पुग्यो। ७ पृथ्वीमा कम्पन भयो, अनि भूकम्प गयो, पहाड़हरूका जगहरू हल्लिए। तिनीहरू थरथर कामे, किनभने उहाँ रिसाउनुभएको थियो। ८ उहाँको नाकबाट धूवाँ निस्क्यो, र भस्मकारी अग्नि उहाँको मुखबाट निस्क्यो, जलिरहेको आगोको भुङ्ग्रो त्यसभित्र दन्क्यो। ९ स्वर्गलाई फारेर उहाँ तल ओर्लनुभयो। अँध्यारो बादल उहाँका गोडामुनि थियो। १० उहाँ करूबहरूमाथि सवार भएर उड्नुभयो, र बतासका पखेटामा सवार भई माथि उड्नुभयो। ११ अन्धकारलाई उहाँले आफ्नो ओढ्ने तुल्याउनुभयो, पानीले काला भइसकेका बाक्ला बादललाई उहाँले आफ्नो मण्डप तुल्याउनुभयो। १२ उहाँका उपस्थितिको उज्ज्वलताबाट असिना र बिजुलीसहित बादलहरू अगि बढ़े। १३ परमप्रभु स्वर्गबाट गर्जनुभयो, र सर्वोच्चको सोर गुञ्जायमान भयो। १४ उहाँले आफ्ना काँड़हरू हान्नुभयो, र शत्रुहरूलाई तितरबितर पारिदिनुभयो, अनि चटयाङद्वारा तिनीहरू अस्तव्यस्त भए।**

१५ हे परमप्रभु, तपाईंको हप्कीमा, र तपाईंको नाकबाट निस्केको श्वासको
विस्फोटले समुद्रका तहहरू देखा परे, र पृथ्वीका जगहरू प्रकट भए। १६
उहाँले माथिबाट आफ्नो बाहुली पसारेर मलाई समात्नुभयो। उहाँले गहिरो
सागरबाट मलाई तानेर निकाल्नुभयो। १७ उहाँले मलाई मेरा शक्तिशाली
शत्रुबाट छुटाउनुभयो, मेरा शत्रुहरूबाट, जो मभन्दा अत्यन्तै शक्तिशाली थिए।
१८ मेरो विपत्तिको दिनमा तिनीहरू ममाथि आइलागे, तर परमप्रभु मेरा सहारा
हुनुभयो। १९ उहाँले मलाई फराकिलो ठाउँमा ल्याउनुभयो, उहाँले मलाई उद्धार
गरिदिनुभयो, किनकि उहाँ मसँग प्रसन्न हुनुभएको थियो। २० मेरो
धार्मिकताअनुसार परमप्रभुले मसँग व्यवहार गर्नुभयो। मेरा हातका शुद्धताको
अनुरूप उहाँले मलाई प्रतिफल दिनुभयो। २१ किनकि म परमप्रभुको मार्गमा
चलेको छु, मेरा परमेश्वरबाट तर्केर मैले दुष्टता गरेको छैनँ। २२ उहाँका सारा
नियमहरू मेरै सामुन्ने छन्, र उहाँका कानूनहरू मैले त्यागेको छैनँ। २३
उहाँको दृष्टिमा म निर्दोष थिएँ, र दोषबाट मैले आफैलाई अलग्ग राखें। २४
परमप्रभुले मेरो धार्मिकताअनुसार र उहाँको दृष्टिमा मेरा हातका शुद्धताको
अनुरूप मलाई प्रतिफल दिनुभएको छ। २५ वफादारप्रति तपाईं वफादार
हुनुहुन्छ, निर्दोषसँग तपाईं आफूलाई निर्दोष प्रकट गर्नुहुन्छ। २६ शुद्धसँग तपाईं
आफै शुद्धै देखा पर्नुहुन्छ, तर बाङ्गोसँग तपाईं आफूलाई चतुर प्रकट गर्नुहुन्छ।
२७ दीन-हीन मानिसहरूलाई तपाईं छुटाउनुहुन्छ, तर अहङ्कारी आँखा हुनेहरूलाई
तपाईंले झुकाइदिनुहुनेछ। २८ हे परमप्रभु, तपाईंले मेरो दियो बालिराख्नुहुन्छ,
मेरा परमेश्वरले मेरो अन्धकारलाई उज्यालोमा परिवर्तन गर्नुहुन्छ। २९
तपाईंको सहायताले म फौजमाथि आक्रमण गर्न सक्छु, र मेरा परमेश्वरको
सहायताले म पर्खाल नाघ्न सक्छु। ३० परमेश्वरको विषयमा भन्ने हो भने,
उहाँको मार्गचाहिँ सिद्ध छ, परमप्रभुको वचन सच्चा छ। उहाँमा शरण लिनेहरू
सबैका उहाँ ढाल हुनुहुन्छ। ३१ किनकि परमप्रभुबाहेक अरू को परमेश्वर छ
र? हाम्रा परमेश्वरबाहेक अरू चट्टान को छ र? ३२ उनै परमेश्वर, जसले मलाई
शक्तिशाली तुल्याउनुहुन्छ, र मेरो मार्गलाई सिद्ध तुल्याउनुहुन्छ। ३३ उहाँले
मेरा खुट्टाहरू मृगको खुट्टाजस्तै तुल्याउनुहुन्छ, र उच्च स्थानमा खड़ा हुन मलाई
सक्षम बनाउनुहुन्छ। ३४ उहाँले मेरा हातहरूलाई युद्धको निम्ति तालीम
दिनुहुन्छ, यसैले मेरा पाखुराले काँसाको धनु झुकाउन सक्छन्। ३५ तपाईंले
मलाई आफ्नो विजयको ढाल दिनुभएको छ, र तपाईंको दाहिने बाहुलीले मलाई
सहारा दिएको छ। स्वयम् तपाईं मलाई महान् बनाउन झुक्नुहुन्छ। ३६ मेरा
पाइलाहरूका निम्ति तपाईं फराकिलो बाटो बनाउनुहुन्छ, र मेरा गोडा

चिप्लनेछैनन्। ३७ मेरा शत्रुहरूलाई खेदेर मैले तिनीहरूलाई भेट्टाएँ, तिनीहरू संहार नहोउञ्जेल म फर्किनँ। ३८ तिनीहरू उठ्न नसक्ने गरी मैले तिनीहरूलाई हिर्काएँ, तिनीहरू मेरा पाउमुनि लोटे। ३९ तपाईंले मलाई लड़ाइँको निम्ति शक्तिशाली तुल्याउनुभयो, मेरा शत्रुहरूलाई तपाईंले मेरा खुट्टामा झुकाउनुभयो। ४० तपाईंले मेरा शत्रुहरूलाई पिठिउँ फर्काएर भाग्न विवश पार्नुभयो, र मेरा शत्रुहरूलाई मैले संहार पारें। ४१ मदतको निम्ति तिनीहरूले पुकारे, तर तिनीहरूलाई बचाउने कोही थिएन। परमप्रभुलाई पनि पुकारे, तर उहाँले तिनीहरूलाई जवाफ दिनुभएन। ४२ बतासमा उड्ने धूलोजस्तो मैले तिनीहरूलाई धूलोपीठो पारें, गल्लीको हिलोझैं मैले तिनीहरूलाई फालें। ४३ मानिसहरूको आक्रमणबाट तपाईंले मलाई छुटाउनुभएको छ, तपाईंले मलाई जाति-जातिहरूका नेता बनाउनुभएको छ, अपरिचित मानिसहरू मेरो अधीनमा छन्। ४४ मेरो आदेश सुन्ने बित्तिकै तिनीहरूले सो पालन गर्छन्, विदेशीहरू मेरो अगि निहुरिन्छन्। ४५ विदेशीहरू डरले शिथिल हुन्छन्, तिनीहरू आ-आफ्ना किल्लाहरूबाट डरले काम्दै निस्कन्छन्। ४६ परमप्रभु जीवित हुनुहुन्छ! मेरो चट्टानको स्तुति-प्रशंसा होस्। मेरा उद्धारक परमेश्वर उच्च होऊन्। ४७ उहाँ परमेश्वर हुनुहुन्छ, जसले मेरो बदला लिनुहुन्छ, उहाँले नै मानिसहरूलाई मेरो वशमा पारिदिनुहुन्छ, ४८ उहाँले मलाई मेरा शत्रुहरूबाट छुटाउनुहुन्छ। मेरा शत्रुहरूमाथि तपाईंले मलाई उच्च पार्नुभयो, हिंसक मानिसहरूबाट तपाईंले मलाई छुटाउनुभयो। ४९ यसैकारण हे परमप्रभु, जातिहरूका बीचमा म तपाईंको प्रशंसा गर्नेछु, र तपाईंका नाउँको स्तुति गाउनेछु। ५० उहाँले आफ्ना राजालाई महान् विजय दिनुहुन्छ, उहाँका अभिषिक्त राजा दाऊद र तिनका वंशमाथि उहाँले सदासर्वदा आफ्नो अचूक करुणा देखाउनुहुन्छ।" भजन ७८:१-१२ "१ हे मेरा प्रजा, मेरा शिक्षातिर कान लगाओ, मेरो मुखका वचनमाथि ध्यान देओ। २ म मेरो मुख दृष्टान्तमा खोल्नेछु, प्राचीनका भेदका कुराहरू सुनाउनेछु, ३ ती जुन कुराहरू हामीले सुनेका र जानेका छौं, र जुन कुरा हाम्रा पिता-पुर्खाहरूले हामीलाई भनेका छन्। ४ हामी यी कुराहरू तिनीहरूका छोराछोरीहरूबाट लुकाएर राख्नेछैनौं, तर आउने पुस्तालाई परमप्रभुका महिमामय कार्यहरू र उहाँको सामर्थ्य अनि उहाँले गर्नुभएका आश्चर्यपूर्ण कामहरूको वर्णन गर्नेछौं। ५ उहाँले याकूबको निम्ति कानूनहरू कायम राख्नुभयो, र इस्राएलमा एउटा व्यवस्था स्थापना गर्नुभयो। आफ्ना सन्तानहरूलाई यी कुरा सिकाऊन् भनेर, उहाँले हाम्रा पिता-पुर्खाहरूलाई हुकुम दिनुभयो, ६ कि आउँदो पुस्ताले यी कुरा जानून्, र अझ नजन्मेका शिशुहरूले पनि यी कुरा जानून्, र तिनीहरूले आफ्ना

सन्तानलाई पनि यी कुरा भनून्। ७ यसरी तिनीहरूले परमेश्वरमा भरोसा राख्नेथिए, र उहाँका कार्यहरू बिर्सनेथिएनन्, तर उहाँका आज्ञाहरू पालन गर्नेथिए। ८ तिनीहरू आफ्ना पिता-पुर्खाझैं हठी र विद्रोही पुस्ता नहोऊन्, जसका हृदयहरू परमेश्वरतर्फ बफादार थिएनन्, र जसका आत्मा परमेश्वरतर्फ विश्वस्त थिएनन्। ९ एफ्राइमका मानिसहरू धनुले सुसज्जित थिए, तर लड़ाइँको दिनमा तिनीहरूले पिठिउँ फर्काए। १० तिनीहरूले परमेश्वरको करार पालन गरेनन्, र उहाँको व्यवस्थामा चल्न इन्कार गरे। ११ तिनीहरूले उहाँका कामहरूलाई बिर्से, ती आश्चर्य कामहरू जुन उहाँले तिनीहरूलाई देखाउनुभएको थियो। १२ तिनीहरूका पिता-पुर्खाका नजरको सामुन्ने उहाँले मिश्रदेशमा र सोअनको मैदानमा अचम्म-अचम्मका कामहरू गर्नुभयो।" र भजन १४४ "१ मेरो चट्टान, परमप्रभुको प्रशंसा होस्, जसले मेरो हातलाई युद्ध गर्न, र मेरा औंलाहरूलाई लड़ाइँ गर्न सिकाउनुहुन्छ। २ उहाँ मेरा करुणामय परमेश्वर र मेरो किल्ला हुनुहुन्छ, मेरो गढ़ र मेरो उद्धारक। उहाँ मेरो ढाल, उहाँमा नै म शरण लिन्छु। उहाँले मानिसहरूलाई मेरो अधीनमा पार्नुहुन्छ। ३ हे परमप्रभु, मानिस के हो, र तपाईंले त्यसको वास्ता गर्नुहुन्छ? मानिसको छोरो को हो, र तपाईं त्यसको विचार गर्नुहुन्छ? ४ मानिस त एक मुट्ठी सासजस्तो मात्र छ, त्यसको आयु ढलिजाने छायाजस्तो मात्र छ। ५ हे परमप्रभु, आफ्नो स्वर्गलाई खोल्नुहोस् र तल ओर्लनुहोस्, पहाड़हरूलाई छुनुहोस्, र तीबाट धूवाँ निक्लिआओस्। ६ बिजुली चम्काउनुहोस् र मेरा शत्रुहरूलाई छिन्नभिन्न पार्नुहोस्। आफ्ना बाण छोड्नुहोस् र तिनीहरूलाई लखेटिदिनुहोस्। ७ उच्च स्थानबाट आफ्नो हात पसार्नुहोस्, र उर्लंदो बाढ़बाट र विदेशीहरूका हातबाट मलाई उद्धार गर्नुहोस् र छुटाउनुहोस्, ८ जसका मुख झूटा कुराहरूले भरिएका छन्, र जसका दाहिने हात कपटपूर्ण छन्। ९ हे परमेश्वर, म तपाईंको निम्ति एउटा नयाँ गीत गाउनेछु, दश-तारे सारङ्गी बजाएर म तपाईंको स्तुति गाउनेछु, १० तपाईं जसले राजाहरूलाई विजय प्रदान गर्नुहुन्छ, जसले आफ्नो दास दाऊदलाई घातक तरवारबाट बचाउनुहुन्छ। ११ मलाई विदेशीहरूका हातबाट उद्धार गरिदिनुहोस् र छुटकारा दिनुहोस्। जसका मुख झूटा कुराहरूले भरिएका छन्, र जसका दाहिने हात कपटपूर्ण छन्। १२ तब हाम्रा छोराहरू तिनीहरूका युवावस्थामा मौलाउँदा रूखहरूजस्तै हुनेछन्, र हाम्रा छोरीहरू दरबार सिँगार्न कुँदिएका स्तम्भहरूजस्ता हुनेछन्। १३ हाम्रा धनसारहरू हरकिसिमका अन्नहरूले भरिनेछन्, हाम्रा भेड़ाहरू हजारौं गुणा बढ्नेछन्, हाम्रा खेतमा ती लाखौं हुनेछन्। १४ हाम्रा गोरुहरूले गह्रौं भारी बोक्नेछन्। हाम्रा पर्खालहरू फोरिनेछैनन्, न हामी बन्दीगृहमा

**जानुपर्नेछ, न त हाम्रा सड्कहरूमा रुवाइको आवाज उठ्नेछ। १५ ती मानिसहरू धन्यका हुन्, जसका जीवनमा यी आशिष्हरू छन्। यस्ता मानिसहरू धन्यका हुन्, जसका परमेश्वर परमप्रभु हुनुहुन्छ।"**

परमेश्वरका जनहरूलाई धम्कीदिने र आतङ्कित गर्ने क्रियाकलापका शक्तिहरूमाथि उहाँको अद्भूत र भयानक शक्तिको प्रदर्शन गर्नु भएको थियो भनेर ती भजनहरूमा मुक्तकंठले प्रशंसा गरिएको छ। परमेश्वर राजकीय योद्धा र न्यायकर्ता हुनुहुन्छ भनेर ती भजनहरूले चित्रण गर्दछ। भजनहरूमा परमेश्वरलाई बहादुर राजकीय योद्धा भनेर बारम्बार चित्रण गर्दा उहाँका जनहरूको चित्कार र कष्टप्रति उहाँ कतिसम्म संवेदनशील हुनुहुँदो रहेछ भनेर देखाउँछ। उहाँका जनहरूको कष्टलाई राहत दिन उहाँ गम्भीर हुनुहुन्छ र अत्यावश्यक भएको उहाँले महसुस गर्नुहुन्छ।

"प्रभु स्वर्गबाट गर्जिनुहुन्छअत्यन्त उच्च परमेश्वरले उहाँले आफ्नो आवाजलाई खोल्नुभयो...असिना र आगोका ज्वालाहरू बर्षाउनुभयो...उहाँले उहाँका धनुहरू हान्नुभयो र शत्रुहरूलाई तितरबितर पार्नुभयो... प्रशस्त मात्रामा बिजुली चम्काउनुभयो र ती शत्रुहरूलाई परास्त्र गर्नुभयो...समुद्रका बाटोहरू देखिए...पृथ्वीका जगहरू उघारियो... तपाईंले तिनीहरूलाई हप्काउनुभयो, हे प्रभु... हे परमप्रभु, तपाईंको हप्कीमा, र तपाईंको नाकबाट निस्केको श्वासको विस्फोटले समुद्रका तहहरू देखा परे।" भजन १८:१३-१५।

परमेश्वरका जनहरूको सङ्कट वा दुःखमा राहत दिने र सहयोग गर्ने उहाँको प्रतिवद्धताले उहाँका जनहरूप्रति उहाँको चासो र हेरचाह कति महान् रहेछ भनेर सरासर बुझाउँछ। यसलाई सोच्न सक्यो भने उहाँप्रति हुने कुनै पनि शङ्काले हाम्रो दिमागमा ठाउँ पाउन सक्दैन। खराब वा दुष्ट तत्त्वलाई परास्त्र गर्न उहाँ सक्षम हुनुहुन्छ। तर उहाँले जे गर्नुहुन्छ वा गर्नुहुनेछ त्यो उहाँकै समयमा गर्नुहुन्छ, हामीले अपेक्षा गरेको समयमा होइन। हामी केवल धैर्य भएर पर्खिनु मात्र पर्दछ। अन्तमा आएर दाउद जस्ता परमेश्वरको योद्धालाई पनि मानवीय सहायताले उद्धार गरिएको थिए। दाउदले परमेश्वरका जनहरूका शत्रुहरूसँग धेरै युद्ध गरेका थिए। तर उनले पाएका विजयहरूका श्रेय वा जस परमेश्वरलाई नै दिएका थिए। त्यसैले उनले उहाँको धेरै प्रशंसा गरेका थिए। दाउदले आफ्नो बहादुरी देखाएर युद्धमा धेरै सफलताहरू मिलेका थिए, त्यसकारण उनले आफैलाई जस दिएर फाइफुट्टी गर्न सक्थे। तर उनको मनस्थिति त्यस्तो थिए। उनको शक्ति वा बलको स्रोत कहाँबाट आएको थियो भनेर उनलाई थाहा थियो।

परमेश्वरले नै उनका हातहरूलाई युद्ध गर्न तालिम दिनुभएको थियो (भजन १८:३४) भनेर स्वीकारेतापनि आफ्नै बाहुबल र दक्षतामा आफू भर परेको देखाउँदैन। उनको निम्ति परमेश्वरले नै युद्ध गर्नुभएको र उनलाई उद्धार गर्नुभएको भनेर स्विकार्दछ (भजन १८:४७,४८)।

सफल योद्धा वा लडाकु भनेर प्रख्यात भएको राजा दाउद प्रतिभाशाली सङ्गितज्ञ पनि थिए। उनले प्रभुको प्रशंसा गर्दै धेरै भजनहरू रचेका थिए। आफ्ना जनहरूलाई उद्धार गर्ने र सम्हाल्ने उहाँ मात्रै हुनुहुनुहुन्छ भनेर उहाँको धेरै तारिफ गरेका थिए (भजन १४४:१०-१५)। स्तुतिप्रशंसा र प्रार्थना नै दाउदको निम्ति शक्तिका स्रोतहरू थिए। युद्धमा प्रयोग गर्ने कुनै पनि अस्त्र भन्दा ती अत्यन्तै शक्तिशाली र प्रभावकारी अस्त्र हुन्।

***तपाईंको जीवनमा जुनसुकै प्रतिभा, बरदान र सिप भएतापनि तिनीहरूको स्रोत परमेश्वर नै हुनुहुन्छ भनेर सधैं याद गरिरहनु किन आवश्यक छ? तिनीहरूको श्रेय वा स्रोत परमेश्वर नै हुनुहुन्छ भनेर बिर्सनु किन खतरनाक छ?***

## २. दमनको पीडा भोगेकोलाई न्याय

**देहायका भजनका पदहरू पढ्नुहोस्। वर्तमान परिप्रेक्ष्यमा पनि तिनीहरूका हाम्रो निम्ति के सन्देश छ? हेर्नुहोस्: भजन ९:९,१० "९ थिचोमिचोमा परेकाहरूका निम्ति परमप्रभु किल्ला हुनुहुन्छ, कष्टको समयमा एउटा शरणस्थान। १० तपाईंको नाउँ जान्नेहरू जतिले आफ्नो भरोसा तपाईंमा राख्छन्, किनकि हे परमप्रभु, तपाईंको खोजी गर्नेहरूलाई तपाईंले त्यागनुभएको छैन।" भजन १२:१-५ " १ गुहार, हे परमप्रभु, किनभने भक्तजन अब बाँकी छैनन्। मानिसका बीचबाट विश्वासीहरू लोप भइसकेका छन्। २ हरेकले आफ्नो छिमेकीसँग झूटा बोल्छ। चापलूसी ओठले छलसित तिनीहरू कुरा गर्छन्। ३ सबै चापलूसी गर्ने ओठलाई र घमण्डका कुरा गर्ने हरेक जिब्रोलाई परमप्रभुले काटिदेऊन्, ४ तिनीहरू जसले भन्छन्, "हाम्रा जिब्राले नै हामी जित्नेछौं, हाम्रा ओठ हाम्रै हुन्, हामीमाथि को मालिक छ र?" ५ परमप्रभु भन्नुहुन्छ, "अब म उठ्नेछु, किनकि कमजोरहरू लुटिएका छन्, र दरिद्रहरू सुस्केरा हाल्छन्, र तिनीहरूलाई हानि गर्नेहरूबाट म रक्षा गर्नेछु।" भजन ४०:१६,१७ "१६ तर जस-जसले तपाईंलाई खोज्छन्, ती सबै तपाईंमा रमाऊन् र आनन्दित होऊन्। तपाईंको मुक्तिलाई प्रेम गर्नेहरूले निरन्तर भनून्, "परमप्रभुको नाउँ उच्च होस्।" १७ तर म त गरीब र दरिद्र छु। परमप्रभुले मेरो विचार गरून्। तपाईं मेरा सहायक र मलाई छुटकारा दिने हुनुहुन्छ, हे मेरा परमेश्वर, विलम्ब नगर्नुहोस्।",**

भजन ११३:७-९ " ७ कङ्गालीहरूलाई खरानीको थुप्रोबाट उहाँले उठाउनुहुन्छ, र दरिद्रहरूलाई घुलोबाट उचाल्नुहुन्छ। ८ उहाँले तिनीहरूलाई राजकुमारहरूसँग, र आफ्नै प्रजाका राजकुमारहरूका साथमा बसाल्नुहुन्छ। ९ बाँझी स्त्रीलाई छोराछोरीका सुखी आमाको रूपमा स्थिर गरिदिनुहुन्छ। परमप्रभुको प्रशंसा गर।", भजन १४६:५-१० " ५ त्यो मानिस धन्यको हो, जसको सहायता याकूबका परमेश्वरमा छ, जसको आशा परमप्रभु त्यसका परमेश्वरमा हुन्छ। ६ उहाँ स्वर्ग र पृथ्वी, समुद्र र त्यसमा भएका यावत् थोकका सृष्टिकर्ता हुनुहुन्छ। परमप्रभु सदाकालको निम्ति विश्वासयोग्य रहनुहुन्छ। ७ उहाँले अत्याचारमा परेकाहरूका पक्षमा न्याय दिनुहुन्छ, र भोकाहरूलाई भोजन दिनुहुन्छ। परमप्रभुले कैदीहरूलाई मुक्त गरिदिनुहुन्छ। ८ परमप्रभुले अन्धाहरूका आँखा खोलिदिनुहुन्छ। परमप्रभुले दबिएकाहरूलाई उठाउनुहुन्छ। परमप्रभुले धर्मीजनलाई प्रेम गर्नुहुन्छ। ९ विदेशीहरूलाई परमप्रभुले रक्षा गर्नुहुन्छ! अनाथ र विधवालाई उहाँले सँभाल्नुहुन्छ, तर दुष्टहरूका युक्तिहरू उहाँले विफल पार्नुहुन्छ। १० परमप्रभुले सदासर्वदा राज्य गर्नुहुनेछ, ए सियोन, तिम्रा परमेश्वरले पुस्तौं-पुस्तौंसम्म राज्य गर्नुहुनेछ। हल्लेलूयाह!" र भजन १४६ " १ त्यो धन्यको हो, जसले निर्धाहरूको फिक्री गर्दछ, दुःखको दिनमा परमप्रभुले त्यसलाई छुटकारा दिनुहुन्छ। २ परमप्रभुले त्यसको रक्षा गर्नुहुनेछ, र त्यसको जीवन जोगाउनुहुनेछ। उहाँले त्यसलाई पृथ्वीमा आशिष् दिनुहुनेछ, अनि त्यसलाई त्यसका शत्रुहरूको इच्छामा छोड्नुहुनेछैन। ३ परमप्रभुले त्यसलाई त्यसको बिरामीको ओछ्यानमा सम्भाल्नुहुनेछ, अनि त्यसलाई फेरि स्वास्थ्य प्रदान गर्नुहुनेछ। ४ मैले भनें, "हे परमप्रभु, ममाथि अनुग्रह गर्नुहोस्।

मलाई निको पारिदिनुहोस्, किनकि मैले तपाईंको विरुद्धमा पाप गरेको छु।" ५ मेरा शत्रुहरू द्वेषसाथ यसो भन्छन्, "त्यो कहिले मर्ला, र त्यसको नाउँनिशानै मेटिएला?" ६ जब मलाई हेर्न कोही आउँछ, त्यसले झूटो कुरा बोल्छ, र त्यसको हृदयमा अधर्मका कुराहरू थुपार्छ। तब बाहिर गएर त्यसले मेरो निन्दाका कुरा फैलाउँछ। ७ मलाई घृणा गर्नेहरू सबै जम्मा भएर मेरो विरुद्धमा कानेखुसी गर्छन्, मेरो विरुद्धमा तिनीहरू यसो भन्दै मेरो अनिष्ट चिताउँछन्: ८ "त्यसलाई घातक रोगले पक्रेको छ, त्यो जहाँ पस्रेको छ त्यहाँबाट उठ्नेछैन।" ९ मैले भरोसा गरेको मेरो परममित्रसमेत, जसले मेरै रोटी खान्थ्यो, त्यसले मेरो विरुद्धमा लात उठाएको छ। १० तर हे परमप्रभु, ममाथि कृपा गर्नुहोस्, मलाई खड़ा गर्नुहोस्, र म तिनीहरूसँग बदला चुकाउन सकूँ।

**११ म जान्दछु, तपाईं मसँग प्रसन्न हुनुहुन्छ, किनकि मेरो शत्रु ममाथि विजयी हुन सक्दैन। १२ मेरो सत्यनिष्ठामा तपाईंले मलाई सम्भाल्नुहुन्छ, र सदासर्वदा तपाईंको उपस्थितिमा मलाई राख्नुहुन्छ। १३ इस्राएलका परमेश्वर परमप्रभुको सदासर्वदा प्रशंसा होस्, आमेन फेरि आमेन।"**

विश्व समाजमा समाजबाट उपेक्षित यी वर्गहरू छन्ः दरिद्र, कङ्गाल, गरिब, आवश्यकमा जाकिएकाहरू, दविएका, टुहुराहरू, विधवा र विधवीहरू, अपरिचित, निस्सहाय, विविध कारणले पीडित असुरक्षित, निम्न वर्ग। परमेश्वरको व्यवस्था र अगमवक्ताहरूले तिनीहरूलाई सम्बोधन गरिएको जस्तै भजनका लेखकहरूले पनि तिनीहरूको सम्बोधन गर्दछन्। ती पिछडिएको वर्गहरूको अस्तित्वलाई बाइबलले अस्वीकार गर्दैन (प्रस्थान २२ः२१-२७, यशैया ३ः१३-१५)।

धेरै भजनहरूमा "गरिब र  आवश्यकता वा पीडितहरू छन्" भनेर व्यक्त गरिएको छ। तिनीहरू कुनै निश्चित धार्मिकता, सामाजिक र राष्ट्रियतासँग गाँसिएको छैन। मानव जगतमा अस्तित्वमा भएका ती वर्गहरूप्रति परमेश्वरको विश्वव्यापी चासो र प्रेमलाई जनाउँछ।

"गरिब, आवश्यकतfमा परेका वा पीडित" भन्ने अभिव्यक्ति केवल भौतिक विपन्नतामा मात्रै सिमित गरिएको छैन। निस्सहाय र कमजोरीहरूलाई पनि सम्बोधन गर्दछ। यस अभिव्यक्तिले परमेश्वरको करुणालाई देखाउँछ र दुःखकष्ट पाउनेहरू यस संसारमा एक्लिएका छन् र परमेश्वर बाहेको उसको निम्ति अरू कुनै सहायता छैन भनेर पनि बुझाउँछ। "गरिब, पीडित र आवश्यकतामा परेकाहरू" भन्ने अभिव्यक्तिले तिनीहरूलाई पनि जनाउँछ जो इमान्दारी, सत्यवादी र परमेश्वरप्रति निष्ठावान छन् र उहाँमाथि मात्र पूरा भरोसा राख्दछन्। तिनीहरू आफ्नो भाउ खोज्ने, पूरै आत्मनिर्भर र मलाई कोही चाहिँदैन भन्ने जस्ता अभिमान नभएका वर्गहरू पर्छन्।

पीडितहरूको (भजन ४१ः१-३) सेवा गर्दा ती सेवा गर्नेहरू परमेश्वरप्रति आस्थावान र निष्ठावान छन् भनेर प्रदर्शन गरिरहेका हुन्छन्। कमजोरी, पीडित र निस्सहायहरूलाई **अन्याय र खराब गर्नु** महापाप हो भनेर बाइबलीय संस्कारले जनाउँछ (व्यवस्था १५ः७-११)। प्रत्येक दमनमा परेकाहरूको निम्ति आवाज उठाउन विश्वासी जनहरूलाई भजनहरूले उत्साह र प्रेरणा दिन्छ। आजको संसारमा परमेश्वरप्रति भरोसा राख्नु आवश्यक छैन भनेर कतिपयले सिकाउँदछ किनकि मानिसहरूले आफ्नो जीवन आफैले सम्हाल्न सक्छन् भनेर सिकाउँछन्। नाशवान वा वद्ध मानव जाति ज्ञान र

सुरक्षाको स्रोत हो भनेर मानिसहरू र मानिसका ज्ञानविज्ञानमा भरपर्ने बेकार छ भनेर पनि भजनका लेखकहरूले बताउँदछन्। मानवीय नेता वा अगुवा, संस्था र ज्ञानविज्ञान नै संसारलाई उद्धार गर्ने साधन हुन् भन्ने मनस्थितिमा नरहन र भर नपर्न परमेश्वरले आफ्ना जनहरूलाई आह्वान गर्नुहुन्छ। तिनीहरूलाई च्यापेर हिँड्ने प्रलोभनमा पर्नु सत्य येशूभक्तहरूलाई सुहाउँदैन, विशेष गरेर जब ती तत्त्वहरू परमेश्वरको बाटोबाट बिराएर चलेका हुन्छन्।

अनुग्रहले भरिनुभएको प्रभु आफै पनि गरिब र निम्न वर्गसँग आफूलाई परिचित गराउनुभएको थियो। उहाँ आफै गरिब हुनुभएको थियो ताकि उहाँको विपन्नताले हामी सम्पन्न हुन सकून् (२ कोरन्थी ८:९)। पापले गर्दा विभिन्न किसिमले दविएकाहरूलाई उद्धार गर्नु र परमेश्वरको राज्यमा अनन्त जीवन दिने वाचा (प्रकाश २१:४) येशू ख्रीष्टको अथाह सम्पत्ति हो। भजनहरूमा उल्लेख गरिएका येशू ईश्वरीय न्यायकर्ता हुनुहुन्छ भनेर उल्लेख गरेका प्रतिज्ञाहरू येशूले नै पूरा गर्नुहुन्छ। पीडित र पिछडिएका वर्गलाई गरेको प्रत्येक दुर्व्यवहार र तिनीहरूलाई गर्नुपर्ने वास्तालाई बेवास्तालाई (मत्ती २५:३१-४६) येशूले लेखाजोखा लिनुहुनेछ।

***हाम्रा बिचमा भएका गरिब, विपन्न र आवश्यकतामा परेकाहरूप्रति हाम्रो चासो कस्तो छ र तिनीहरूको निम्ति हामीले के गरिरहेकाछौं?***

## ३. कहिलेसम्म तपाईंले अन्याय र अत्याचारलाई हेरिरहनसक्नुहुन्छ?

इस्राएली जनहरूमाथि गरिने न्याय उचित तवरले कायम राखोस् भनेर परमेश्वरले इस्राएलका अगुवाहरूलाई अधिकार दिनुभएको थियो (भजन ७२:१-७,१२-१४)। परमेश्वरकै चाहना अनुसार इस्राएलका राजाहरूले जनताहरूमाथि तिनीहरूको अधिकार प्रयोग गर्नुपर्दथ्यो। इस्राएल देशमा शान्ति, न्याय होस् र सामाजिक रूपमा पिछडिएकाहरूका सेवा गरून् भन्ने अगुवाहरूका मुख्य लक्ष्य हुनु हुनुपर्दथ्यो। अनि मात्र देश र सारा जनताहरूको सम्मुन्नति हुन्थ्यो। परमेश्वरप्रति बफादारी भएर आफूलाई परिचालन गर्न सक्यो भने राजाले आफ्नो सिंहासनलाई बलियो बनाएर राख्न सक्दथे। मानवीय शक्ति र अधिकारको भरमा राजा वा देशका शासकको अधिकार कायम हुन सक्दैनथ्यो।

**तर देशका शासक, नाइके र अगुवाहरूले आफ्नो न्याय अधिकारलाई दुरुपयोग गरे र रक्षा गर्नुपर्ने जनताहरूलाई दवाउन थाले भने देशको परिस्थिति कस्तो हुनेरहेछ र ती अगुवाहरूको गति के हुनेरहेछ? हेर्नुहोस् भजन ८२ "१**

**परमेश्वर ठूलो समुदायमा विराजमान हुनुहुन्छ, "देवहरूका" बीचमा उहाँले न्याय गर्नुहुन्छ। २ "तिमीहरू कहिलेसम्म अन्यायीहरूको पक्ष लिइबस्छौ, र दुष्टहरूको ओढ़ थाप्छौ? सेला ३ दुर्बल र अनाथहरूको रक्षा गर, गरीब र थिचोमिचोमा परेकाहरूको न्याय गर। ४ दुर्बल र दरिद्रहरूलाई छुटाओ, दुष्टहरूका हातबाट तिनीहरूलाई छुटकारा देओ। ५ "तिनीहरूको न ज्ञान छ, न समझ, तिनीहरू अन्धकारमा यताउता डुल्छन्। पृथ्वीका सारा जग नै हल्लिएका छन्। ६ "मैले भनें, 'तिमीहरू 'देव' हौ, र तिमीहरू सबै सर्वोच्चका छोराहरू हौ।' ७ तापनि तिमीहरू मानिसहरूझैं मर्नेछौ, र अरू शासकझैं तिमीहरूको पतन हुनेछ।" ८ हे परमेश्वर, उठ्नुहोस्, पृथ्वीको न्याय गर्नुहोस्, किनकि सारा जातिहरू तपाईंको उत्तराधिकार हुन्।"**

इस्राएलका भ्रष्ट, स्वार्थी र अन्यायी न्यायकर्ताहरूमाथि परमेश्वरले आफ्नो न्याय घोषणा गर्नुहुन्छ भनेर भजन ८२मा खुलासा गरिएको छ। "देवहरू वा भगवानहरू" (भजन ८२:१,६) भनेर उल्लेख गर्दा मूर्ति पूजा गर्नेका देवीदेवता वा स्वर्गदूतहरूलाई सम्बोधन गरेको होइन भनेर यस भजनमा स्पष्ट गरेको छ। परमेश्वरमा जनहरूमाथि न्याय गर्न वा तिनीहरूलाई उद्धार गर्न उहाँले तिनीहरूलाई कहिल्यै पनि अऱ्हाउनुभएको थिएन। त्यसकारण, न्याय गरेर परमेश्वरको काम तिनीहरूले पूरा गरिरहेको हुन सक्दैन। भजन ८२:२-४मा लेखिएको टोराह वा धर्मशास्त्रका नीतिहरू कार्यान्वयन गर्न देवहरूलाई जिम्मा लगाएको अर्थ इस्राएलका अगुवाहरू हुन् (व्यवस्था १:१६-१८,१६:१८-२०, यूहन्ना १०:३३-३५)। "मानिसका छोराहरूले" न्यायपूर्वक न्याय गरेका छन् कि छैनन् भनेर परमेश्वरले तिनीहरूलाई सोध्नुहुन्छ। ती अगुवाहरू भ्रष्ट भएको प्रभुले पाउनुभएको थियो। तिनीहरू परमेश्वरको ज्ञानबिना अन्धकारमा छामछुम गरिरहेकाछन् (भजन ८२:५)। तिनीहरूले परमेश्वरका व्यवस्था जुन तिनीहरूको ज्योति थियो त्यसलाई त्यागेका छन (भजन ११९:१०५)।

परमेश्वर मात्र प्रभु हुनुहुन्छ भनेर बाइबलले जिकिर गर्दछ। परमेश्वरले आफ्नो शासन प्रणाली उहाँले नियुक्त गर्नुभएको मानवीय अगुवाहरूसँग मिलोमत्तो गरेर चलाउनुहुन्छ। मानवीय अगुवा, शासक वा नेताहरू परमेश्वरका प्रतिनिधिहरू हुन् (रोमी १३:१)। इतिहासमा होस् वा वर्तमान परिवेशमा होस् ती मानवीय प्रतिनिधिहरूले आफूहरूले पाएको जिम्मेवारी वा अख्तियारहरूलाई दुरुपयोग गरिरहेका छन्।

ती अगुवाहरू जो आफूहरूलाई देव वा भगवानहरू भनेर मानिसहरूमाथि रजाइँ गर्दछन् तिनीहरू कस्तो भ्रष्ट भए भनेर तिनीहरूको वर्णन गरिएको छ। इस्राएली अगुवाहरूलाई अति उच्च परमेश्वरका सन्तान हुन भनेर सम्बोधन गरेर उहाँले तिनीहरूलाई अख्तियार र विषेशाधिकार दिनुभएको थियो ताकि तिनीहरू उहाँको प्रतिनिधित्व गरून्। तर तिनीहरूको भ्रष्ट, स्वार्थी र दमननीति गर्ने चरित्रले गर्दा उहाँले तिनीहरू दुष्ट अगुवाहरू हुन् भनेर खुला रूपमा परमेश्वरले तिनीहरुको भन्डाफोर गर्नुभएको थियो र तिनीहरूलाई त्यागनुभएको थियो। ती अगुवाहरू बद्ध वा मरनशील मानिसहरू हुन् र तिनीहरू अरूहरूलाई जस्तै त्यही नैतिक व्यवस्थाको अधिनमा छन् भनेर परमेश्वरले तिनीहरूलाई याद दिलाउहुन्छ। परमेश्वरको व्यवस्था वा दश आज्ञामाथि कोही पनि मानिस छैन (भजन ८२:६-८)।

त्यो दिन आउनेछ जब परमेश्वरले सारा संसारको न्याय गर्नुहुन्छ। परमेश्वरका जनहरूले पनि तिनीहरूको लेखा जोखा उहाँलाई दिनुपर्नेछ। सबै अगुवा र परमेश्वरका जनहरूले न्यायकर्ता परमेश्वरको अनुसरण गर्नुपर्दछ र तिनीहरूको अन्तिम आशा उहाँमाथि नै राख्नुपर्दछ।

***अरूहरूमाथि तपाईंको अख्तियार कस्तो छ? तपाईंसँग भएको अधिकारलाई कसरी न्याय र उचितपूर्वक प्रयोग गरिरहनुभएको छ? होशियार हुनुहोस्।***

## ४. तपाईंको क्रोध पोखाउनुहोस्

**देहायका पदहरूले कस्तो भावनाहरू पोखेका छन्? ती भजनका पदहरूमा न्यायको माध्यम को अर्थात् यस संसारमा न्यायको कार्यान्वयन गर्ने केवल को मात्र हुनुहुन्छ? दुष्टहरूको गतिको निम्ति भक्तले के प्रार्थना गर्छन्? हेर्नुहोस्, भजन ५८ " १ हे शासक हो, के तिमीहरू न्यायपूर्वक बोल्दछौ? के तिमीहरू मानिसहरूका बीचमा ठीक-ठीक न्याय गर्दछौ? २ होइन, तिमीहरू त हृदयभित्र खराब युक्ति रच्तछौ, र तिमीहरूका हातले पृथ्वीमा हिंसाका काम गर्दछन्। ३ दुष्टहरू त जन्मदेखि नै भड्केर जान्छन्। गर्भदेखि नै तिनीहरू दुष्ट हुन्छन् र झूट बोल्छन्। ४ तिनीहरूको विष सर्पको विषजस्तै छ, गोमनको विषजस्तो, जसले आफ्नो कान बन्द गरेको छ, ५ जसले सपेराको आवाज र जत्तिसुकै निपुण जादूगर भए पनि, तिनको सोर सुन्दैन। ६ हे परमेश्‍वर, तिनीहरूका दाँत तिनीहरूकै मुखमा भाँचिदिनुहोस्। हे परमप्रभु, सिंहहरूका बङ्गारा थुतिदिनुहोस्। ७ तिनीहरू बग्ने पानीजस्तै विलीन भइजाऊन्, तिनीहरूले धनुमा ताँदो चढ़ाउँदा तिनका काँड़हरू बोधा भइजाऊन्। ८ तिनीहरू हिंड्दाहिंड्दै पग्लेर जाने**

चिप्लेकीराझैं होइजाऊन्, तुहेको बालकजस्तै तिनीहरूले सूर्यको किरण कहिल्यै नदेखून्। ९ तिम्रा भाँड़ाहरू काँढ़ाको आगोमा तातिन अघि, ती हरिया हुन् कि सुकेका, दुष्टहरू बगाएर लगिनेछन्। १० प्रतिशोध खनिएको देखेर धर्मी जन खुशी हुनेछन्, जब तिनीहरूले आफ्ना खुट्टा दुष्टहरूको रगतमा धुनेछन्। ११ तब मानिसहरूले भन्नेछन्, "निश्चय नै धर्मीहरू अझै पुरस्कृत हुन्छन्। निश्चय नै पृथ्वीको न्याय गर्ने एक परमेश्वर हुनुहुन्छ।", भजन ६९:२२-२८ " २२ तिनीहरूका निम्ति राखिएको भोजन तिनीहरूका निम्ति पासो बनोस्, यो नै प्रतिफल र धराप बनोस्। २३ तिनीहरूका आँखा धमिला होऊन् र देख्न नसक्ने बनून्, र तिनीहरूको कमर सदा कुप्रिरहोस्। २४ तिनीहरूमाथि तपाईंको क्रोध खन्याउनुहोस्, र तपाईंको दन्किरहेको क्रोध तिनीहरूमाथि आइपरोस्। २५ तिनीहरूको छाउनी उजाड भइजाओस्। तिनीहरूका पालहरूमा कोही वास नगरून्। २६ किनकि जसलाई तपाईंले हिर्काउनुभएको छ, त्यसलाई नै तिनीहरू सताउँछन्, र जसलाई तपाईंले घायल पार्नुभएको छ, त्यसलाई तिनीहरू अझ बढ़ी कष्ट दिन्छन्। २७ तिनीहरूलाई अपराधमाथि अपराधको दोषारोपण गर्नुहोस्, र तिनीहरू तपाईंका उद्धारको सहभागी हुन नपाऊन्। २८ जीवनको पुस्तकबाट तिनीहरूका नाउँ मेटिऊन्, र धर्मीहरूका साथमा नलेखिऊन्।", भजन ८३:९-१८ " ९ मिद्यानीहरूलाई गर्नुभएझैं व्यवहार तिनीहरूसँग गर्नुहोस्, सीसरा र याबीनलाई कीशोन खोलामा गर्नुभएझैं, १० जो एन्दोरमा नष्ट भए, र जमिनका फोहोरसरि भए। ११ तिनीहरूका भारदारहरूलाई ओरेब र जएबझैं तुल्याउनुहोस्। तिनीहरूका सबै राजकुमारहरूलाई जेबह र सल्मुन्नाजस्तै बनाउनुहोस्, १२ जसले भने, "परमेश्वरका खर्कमा हामी आफ्नो अधिकार जमाऔं।" १३ हे मेरा परमेश्वर, तिनीहरूलाई यताउति पल्टाइने झार र बतासले उड़ाएको भुसझैं तुल्याउनुहोस्। १४ जसरी आगोले जङ्गल भस्म पार्छ, र ज्वालाले पहाड जलाइदिन्छ, १५ त्यसरी आफ्नो प्रचण्ड आँधीले तिनीहरूलाई खेद्नुहोस्, र तपाईंको आँधीबेहरीले तिनीहरू भयभीत पार्नुहोस्। १६ तिनीहरूका अनुहार लाजले छोपिदिनुहोस्, र हे परमप्रभु, मानिसहरूले तपाईंका नाउँको खोजी गरून्। १७ तिनीहरू सधैं शर्ममा परून्, र अतासले भरिऊन्। तिनीहरू अपमानमा नष्ट भइजाऊन्। १८ तिनीहरूले जानून्, कि तपाईं जसको नाउँ परमप्रभु हो, तपाईं मात्र सारा पृथ्वीमा सर्वोच्च हुनुहुन्छ।", भजन ९४:१-९ " १ हे परमप्रभु, प्रतिशोध लिनुहुने परमेश्वर, बदला लिनुहुने हे परमेश्वर, आफ्नो ज्योति प्रदर्शित गर्नुहोस्। २ हे पृथ्वीका न्यायाधीश, उठ्नुहोस्, अहङ्कारीहरूलाई तिनीहरूका कर्मको प्रतिफल दिनुहोस्। ३ हे परमप्रभु, दुष्टहरू कहिलेसम्म

रमाउने, कहिलेसम्म दुष्टहरू उल्लसित हुने? ४ तिनीहरू हठी कुरा गर्छन्, सबै कुकर्मीहरू अहङ्कारले भरिएका छन्। ५ हे परमप्रभु, तिनीहरूले तपाईंका प्रजालाई मिच्दछन्, र तपाईंको उत्तराधिकारका मानिसहरूलाई सताउँछन्। ६ तिनीहरूले विधवा र विदेशीहरूको हत्या गर्दछन्, र अनाथहरूलाई मार्दछन्। ७ तिनीहरू भन्छन्, "परमप्रभुले देख्नुहुन्न, याकूबका परमेश्वरले वास्ता गर्नुहुन्न।" ८ मानिसहरूका माझमा ए विवेकहीन हो, विचार गर, ए मूर्ख हो, तिमीहरू कहिले बुद्धिमान् हुने? ९ जसले कान दिनुभयो, के उहाँ सुन्नुहुन्न र? जसले आँखा सृजनुभयो, उहाँले देख्नुहुन्न र? " र भजन १३७ " १ बेबिलोनका नदीहरूका किनारमा बसेर, सियोनको स्मरण गर्दा हामी रोयौं। २ त्यहाँका बैंसका रूखहरूमा हामीले आफ्ना वीणाहरू झुण्ड्यायौं। ३ किनकि हामीलाई कैद गरेर लानेहरूले त्यहाँ हामीलाई गीत गाउन लाए, र हामीलाई सास्ती दिनेहरूले हामीबाट आनन्दका गीतको माग गरे। तिनीहरूले भने, "हाम्रा निम्ति सियोनका गीतमध्ये एउटा गीत गाओ।" ४ बिरानो देशमा परमप्रभुका गीत हामी कसरी गाउन सक्छौं? ५ हे यरूशलेम, मैले तँलाई बिर्सेको भए, मेरो दाहिने हातले आफ्नो सीप भुलोस्। ६ मैले तँलाई नसम्झेको भए, यदि मैले यरूशलेमलाई मेरो सर्वश्रेष्ठ आनन्द नठानेको भए, मेरो जिब्रो तालुमा टाँसिजाओस्। ७ यरूशलेमको पतन भएको दिन, हे परमप्रभु, एदोमीहरूले के काम गरे, स्मरण गर्नुहोस्। तिनीहरूले चीत्कार गरे, "यसलाई भत्काओ, जगैदेखि त्यसको विध्वंस गर।" ८ विनाश निश्चित भएकी हे बेबिलोनकी छोरी, तैंले हामीमाथि जे गरिस्, त्यसको लागि तँमाथि प्रतिशोध लिने धन्यको हो, ९ त्यो जसले तेरा स-साना बच्चाहरूलाई समातेर, चट्टानमा पछार्दछ।"

परमेश्वरका जनहरू, राष्ट्रहरूलाई, भजनका लेखकहरू र तिनीहरूका मानिसहरूलाई दुःख दिने, सास्ती दिने मानिसहरूको बदला लेओस् भनेर कतिपय भजनका लेखकहरूले हारगुहार गर्दछन्। ती भजनहरूमा लेखिएका कठोर बोलीहरू कतिपयलाई अचम्म लाग्ला किनकि बाइबलको निति नै शत्रुहरूलाई प्रेम गर भनिएको छ (मत्ती ५:४४)। तर, दमनकारीहरूप्रति भजनका लेखकहरूले व्यक्त गरेका आक्रोसहरू न्यायोचित नै मान्नुपर्दछ। त्यसको अर्थ भजनका लेखकहरूले ठिक र बेठिक आचरणहरूलाई गम्भिर रूपमा लिएका थिए भनेर देखाउँछन् जब कतिले अपराधी, भ्रष्ट र अत्याचारीहरूलाई छुट दिइरहेका हुन्छन्। यस संसारमा भइरहेका धेरै खराब र दुष्ट चर्तिकलालाई भजनका लेखकहरूले गम्भिर भएर संवोधन गरेका थिए। ती खराब तिनीहरूलाई मात्र होइन अरूहरूलाई पनि ती दुष्टहरूले देखाएका थिए।

यद्यपि, कुनै पनि भजनहरूमा भजनका लेखकहरूले बदला लिने काम आफ्नो हो भनेर आभास दिँदैन। अन्याय, अत्याचारी, दमकारी, क्रुर मानिसहरूको बदला लिन काम एकल परमेश्वरको हो र सबै अन्यायहरूलाई पाखा लगाउने काम उहाँकै हातका कमहरू हुन्। दुष्ट मार्गमा हिँड्नेहरूलाई परमेश्वरबाट नै श्रापित भएका छन् (व्यवस्था २७:९-१६)। भजनका लेखकहरूले बदला लिने भनेर गर्नुभएको प्रतिज्ञा सिघ्र होस् भनेर याचना गर्दछन्।

परमेश्वरले कार्यान्वयन गर्नु हुने न्यायलाई भजनका लेखकहरूले भविष्यवाणी नै गरेका छन्। ती न्याय हुने कुरा भजनका लेखकहरूका प्रार्थनाहरू होइनन्। भजन १३७ मा बेबिलोन वा दुष्ट राष्ट्रमाथि गरिने परमेश्वरको न्यायलाई घोषणा गरिएको छ। अरू अगमवक्ताहरूले पनि यस मामिलामा भविष्यवाणी गरेका थिए। बेबिलोनीहरूले अरू राष्ट्रहरूलाई गरेका विध्वंस ती बेबिलोनीहरूले नै भोग्नुपर्ने हुन्छ। यस संसारमा खराब तत्त्व, दुष्ट, अन्याय, अत्याचार, क्रुर, दमनकारीहरूको बिगिबिगी सधैँ भइरहनेछ भनेर भजनका लेखकहरूले व्यक्त गर्दछन् र ती दुष्टहरू दण्डहिन भएर सधैँ रहनेछन् भनेर पनि खुलासा गरिएको छ।

परमेश्वरले गर्नुहुने न्याय र बदला न्यायीकरण अनुग्रहले भरिएको हुन्छ। परमेश्वरका जनहरूमाथि दुर्व्यवहार गर्नेहरूको निम्ति प्रार्थना गर्न आह्वान गरिएको छ ताकि ती दुष्टहरू परिवर्तन भएर परमेश्वरको विश्वासमा आऊन्। यही आशाले अभिप्रेरित भएर ईश्वलाई नमाने दुष्ट चालमा हिँड्नेहरूको निम्ति परमेश्वरका भक्तहरूले निरन्तर प्रार्थना गरिरहन जरुरी छ (भजन ८३:१८, यर्मिया २९:७)।

तर, शत्रुहरूलाई प्रेम गर्ने नीतिलाई अवलम्बन गरियो भन्दैमा तिनीहरूले ल्याउने आतङ्ककारी पीडालाई न्युनिकरण गर्नुपर्छ भनेको होइन। आफ्ना जनहरूको दुःखकष्टप्रति परमेश्वर संवेदनशील हुनुहुन्छ भनेर व्यक्त गरिएको छ। उहाँ सन्त वा जनहरूको मृत्यु परमेश्वरको अगाडि बहुमूल्य छ भनेर भजन ११६:१५मा कोरिएको छ। सबै अन्याय र अत्याचारकोको बिरुद्धमा आवाज उठाउन परमेश्वरले गर्नुहुने न्यायप्रणालीले अपेक्षा गर्दछ। ती खराब तत्त्वहरू नभएको परमेश्वरको राज्यको निम्ति बिन्ति गरिरहनु पनि उहाँका जनहरूबाट अपेक्षा गरिएको छ। दुःख, कष्ट, पिडितहरूको बारेमा परमेश्वरलाई थाहा छ र एक दिन तिनीहरूको पक्षमा न्याय गरिनेछ भनेर पनि भजनका लेखकहरूले आवाज उठाउँदछन्।

*आफूलाई र आफ्ना प्रिय जनहरूलाई अन्याय र अत्याचार गर्नेहरूप्रति प्रतिशोधको भावना नजाग्ने को होला? भजनसङ्ग्रहरूमा व्यक्त गरेका त्यस्ता भावनाहरूले तपाईंलाई कसरी सहायता गर्दछ वा तिनीहरूलाई ठिक परिवेशमा कसरी राख्न सक्नुहुन्छ?*

## ५. परमेश्वरको न्याय र उहाँको पवित्र स्थान

परमेश्वरको न्याय कहाँ हुन्छ वा उहाँको न्यायको अदालत कहाँ छ? त्यहाँ हुने न्याय प्रक्रिया हाम्रा निम्ति कतिको अर्थपूर्ण छ? खराब तत्त्व, दुष्टहरूप्रतिको मामिलामा परमेश्वरको पवित्र स्थानको कार्यविधिले हामीले कसरी बुझाउँछ? हेर्नुहोस् देहायका पदहरूः भजन ९६:६-१० " ६ आओ, दण्डवत् गरौं र निहुरौं, हाम्रा सृष्टिकर्ता परमेश्वरकै सामु घुँड़ा टेकौं, ७ किनभने उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ, र हामी उहाँको खर्कका प्रजा, र उहाँका हातका भेड़ाहरू हौं। आज तिमीहरूले उहाँको शब्द सुन्यौ भने, ८ तिमीहरूले मेरीबामा गरेजस्तै आफ्ना हृदय कठोर नपार, जस्तो तिमीहरूले त्यस दिन मरुभूमिमा भएको मस्साहमा गरेका थियौ, ९ जहाँ मैले गरेका काम तिमीहरूका पूर्वजहरूले देखेका भए तापनि तिनीहरूले मलाई जाँच गरे र मेरो परीक्षा गरे। १० चालीस वर्षसम्म त्यस पुस्तासँग म क्रोधित भएँ, र मैले भनें, "यी त्यस्ता मानिस हुन्, जसका हृदय बरालिएर जान्छन्, र तिनीहरूले मेरा मार्ग चिनेका छैनन्।" भजन ९९:१-४" १ परमप्रभुले राज्य गर्नुहुन्छ, जाति-जातिहरू कम्पायमान होऊन्। उहाँ करूबहरूका बीचमा विराजमान हुनुहुन्छ, पृथ्वी हल्लिउठोस्। २ परमप्रभु सियोनमा महान् हुनुहुन्छ, र उहाँ सबै जातिहरूमाथि सर्वोच्च हुनुहुन्छ। ३ तिनीहरूले तपाईंको महान् र भय मान्नुपर्ने नाउँको प्रशंसा गरून्– उहाँ पवित्र हुनुहुन्छ। ४ राजा सर्वशक्तिमान् हुनुहुन्छ, उहाँ न्याय मन पराउनुहुन्छ– तपाईंले निष्पक्षता स्थापित गर्नुभएको छ, तपाईंले याकूबमा न्याय र धार्मिकता सम्पन्न गर्नुभएको छ" र भजन १३२ " १ हे परमप्रभु, दाऊदलाई स्मरण गर्नुहोस्, अनि तिनले भोगेका सबै विपत्तिहरू सम्झनुहोस्। २ तिनले परमप्रभुको नाउँमा शपथ खाए, र याकूबका सर्वशक्तिमान्को नाउँमा भाकल गरे, ३ "म तबसम्म आफ्नो घरभित्र प्रवेश गर्नेछैनँ, न ओछ्यानमा लेट्न जानेछु! ४ मेरा आँखामा म निद्रा आउन दिनेछैनँ, अनि आफ्ना पलकहरूलाई झिमिक्क पनि हुन दिनेछैनँ, ५ जबसम्म परमप्रभुको निम्ति एउटा स्थान, याकूबका सर्वशक्तिमान्को निम्ति एउटा निवासस्थान म भेट्टाउँदिनँ।" ६ एप्राताामा हामीले त्यसको विषयमा सुन्यौं, हामीले याआरको मैदानमा त्यो भेट्टायौंः ७ "हामी उहाँको वासस्थानमा जाऔं, हामी

उहाँको पाउदानमा आराधना गरौं। ८ हे परमप्रभु, उठ्नुहोस्, तपाईं र तपाईंका
शक्तिको सन्दूकसहित, र तपाईंको विश्रामस्थानमा आउनुहोस्। ९ तपाईंका
पूजाहारीहरूले धार्मिकताको वस्त्र धारण गरून्, र तपाईंका पवित्र जनहरू
आनन्दले जयजयकार गरून्।" १० तपाईंका दास दाऊदको खातिर तपाईंका
अभिषिक्तलाई इन्कार नगर्नुहोस्। ११ परमप्रभुले दाऊदसँग एउटा गंभिर शपथ
हाल्नुभयो, जसबाट उहाँ तर्किनुहुन्नः "म तिम्रो सिंहासनमा तिम्रा छोराहरूमध्ये
एक जनालाई बसाल्नेछु। १२ यदि तिम्रा छोराहरूले मेरो करार, र मैले
तिनीहरूलाई सिकाएका मेरा कानूनहरू पालन गरे भने, तिनीहरूका छोराहरू पनि
सदाको निम्ति तिम्रो सिंहासनमा बस्नेछन्।" १३ किनभने परमप्रभुले सियोनलाई
छान्नुभएको छ, उहाँले त्यसलाई आफ्नो निवासको निम्ति चाहनुभएको छ। १४
"यो सदाकालको निम्ति मेरो विश्रामस्थान हो, म यहाँ सिंहासनमा बस्नेछु, किनकि
मैले यही चाहेको छु। १५ म यसको अन्नपानीमा प्रशस्त आशीर्वाद दिनेछु, र
यसका गरीबहरूलाई म रोटीले तृप्त गराउनेछु। १६ यसका पूजाहारीहरूलाई
पनि म उद्धारको वस्त्र पहिराउनेछु, र यसका पवित्र जनहरू आनन्दले सधैं
जयजयकार गर्नेछन्। १७ "यहाँ म दाऊदको निम्ति एउटा सीङ उत्पन्न गर्नेछु,
र मेरो अभिषिक्तको निम्ति एउटा बत्ती तयार गर्नेछु। १८ म त्यसका
शत्रुहरूलाई शर्मको वस्त्र पहिराउनेछु, तर त्यसका शिरको मुकुट प्रकाशमय हुनेछ।"

परमेश्वरको पवित्र मन्दिरसँग उहाँको न्याय नजिकको सम्बन्ध छ। जब पवित्र स्थानको बारेमा भजनका लेखकले बुझ्यो तब दुष्ट वा खराबको बारेमा दिमागमा भइरहेको समस्याको समाधान भएको थियो र उनको मनस्थिति परिवर्तन भएको थियो (भजन ७३:१७-२०)। पौराणिक इस्राएलको मुल पुरोहतले आफ्नो छातीमा बहुमूल्य पत्थरहरूले सजिएको युरिम (गन्ती २७:२१) पाता लगाउँथे। परमेश्वरले न्यायको जवाफ दिनुहुँदा ती पत्थरहरू चम्किन्थे (प्रस्थान २८:१५,२८-३०)। यसै अनुसार धेरै भजनहरू परमेश्वरको मन्दिरको सिंहासनमा रहनुहुन्छ र यस संसारमा हुने पाप र दुष्टताको सदाको निम्ति अन्त्य गर्न उहाँ तयार भइरहनुभएको छ भनेर चित्रण गर्दछ।

पवित्र मन्दिरमा मुक्तिको योजना प्रकट गरिएको थियो। मूर्तिपूजा गर्ने धर्ममा पाप भनेको प्रायजसो भौतिक क्रियाकलाप हो र त्यसलाई विभिन्न रीतिहरूद्वारा सखाप पार्न सकिन्छ भनेर सिकाउँछ। तर त्यसको विपरित पाप भनेको परमेश्वरको नैतिक व्यवस्था वा दश आज्ञाको सरासर उलङ्घन हो भनेर बाइबलले सिकाउँदछ। परमेश्वरको पवित्रताले उहाँले न्याय र धार्मिकतालाई मन पराउनुहुन्छ भनेर देखाउँदछ। त्यसकारण, परमेश्वरका जनहरू न्यायी

हुनुपर्दछ र धर्मी हुनुपर्छ साथै परमेश्वरकै पवित्रतामा उहाँको आराधना गर्नुपर्दछ। त्यसो गर्न तिनीहरूले परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू पालन गर्नैपर्छ। यसले परमेश्वरको पवित्रतालाई व्यक्त गर्दछ।

यसकारण, पवित्र मन्दिर त्यो स्थल हो जहाँ पापबाट क्षमा पाउँछ र धार्मिकताको पुनर्स्थापना हुन्छ। पवित्र मन्दिरको सिंहासनमा करुणाको सन्दुक छ र त्यहाँ धार्मिकताका बलिहरू चढाइन्छ (व्यवस्था ३३:१९, भजन ४:५)। यद्यपि, क्षमा दिने परमेश्वरले पश्चाताप नगरेका दुष्टहरूका कामकहरूको निम्ति बदला लिनुहुन्छ (भजन ९९:८)। पवित्र मन्दिरको व्यावहारिक अर्थले परमेश्वरको न्यायलाई खुलाउँछ र उहाँको पवित्रताप्रति निरन्तर चासो राखिरहनुहुन्छ भनेर देखाउँछ साथै परमेश्वरकै करारमा लेखिएका नीतिहरूलाई पालन गरेर सबै जना धार्मिक जीवन बिताउनुपर्छ भनेर पनि माग गर्दछ।

सियोनबाट गरिने न्याय धर्मीहरूको हितको निम्ति हो र दुष्टहरूलाई परास्त्र गरिने हो भनेर बुझ्नुपर्दछ (भजन १३२:१३-१८)। पौराणिक इस्राएलमा विशेष गरेर पश्चात्तापको दिनमा गरिने विधिहरूले प्रभु न्यायकर्ता भएर आउनुहुनेछ भन्ने अपेक्षा भएकोले त्यो दिन ठुलो उत्सवको रूपमा मनाउँथ्यो। परमेश्वर न्यायकर्ता भएर आउनुहुनेछ भन्ने भजनहरूमा उल्लेख गरिएकोले त्यसले हामी सबैलाई विश्वासमा बल पुऱ्याउँछ र उहाँको आगमन निश्चित छ भनेर पनि हामीलाई विश्वस्त पार्दछ (भजन ९६:१३, भजन ९८:९)। त्यो परमेश्वरीय न्यायकर्ता हो हुनुहुन्छ भने स्वर्गको पवित्र मन्दिरमा रहनुहुने येशू ख्रीष्ट हो (प्रकाश ११:१५-१९)।

***येशूले स्वर्गको पवित्र मन्दिरमा उहाँका जनहरूको निम्ति के गरिरनुभएकोछ, त्यो सुसमाचार हो कि होइन? हेर्नुहोस्, रोमी ८:३४ "दण्डको आज्ञा दिने को हो? मर्ने त ख्रीष्ट येशू हुनुहुन्छ, जो मरेकाहरूबाट जीवित पारिनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गरिरहनुभएको छ।"***

**उपसंहार: एलेन जी० ह्वाइटद्वारा लिखित *थतस फ्रम द माउन्ट अभ ब्लेशिङ्गको* "द बिआटिच्युद"मा उपयोगीमूलक जानकारीहरू छन् ।**

विभिन्न अन्याय, अत्याचार, युद्ध, दमन आदि खराब गतिविधीहरूप्रति मानिसहरूले देखाएको उदासिता र भावशून्यप्रति भजनसंग्रहका लेखकहरूले आपत्ति जनाउँदै विरोध गरेका सामग्री छन् । खराब खराब हो, दुष्ट दुष्ट हो भन्ने कुरालाई कुनै पनि बहानालाई स्विकार्न नसकिने भनेर भनेर भजनका लेखकहरूले व्यक्त गर्दछन् । प्रतिशोधको भावनाले होइन तर परमेश्वरको नाउँको महिमा गर्न र मानिसको हितबाट प्रेरित भएर भजनसंग्रहमा अत्याचार र अन्यायलाई निर्मूल पार्न बुलन्द आवाज उठाइरहेको पाइन्छ । त्यसकारण, दुष्टहरूप्रति परमेश्वरले गर्नुहुने बदला देखेर धर्मीहरू खुशी भएको उचित देखाइएको छ । दुष्टहरूप्रति गरिने कार्वाहीले परमेश्वरको नाउँ र यस संसारमा न्यायको पुनर्स्थापित हुन्छ (भजन ५८:१०,११) । यस संसारमा भइरहेको खराबहरूको बिगिबिगीप्रति बुलन्द आवाज उठाउन र परमेश्वरको राज्यको सिघ्र आगमनको निम्ति प्रार्थना गर्न भजनका लेखकहरूको माग छ । परमेश्वरका जनहरूलाई सान्त्वना दिन र उद्धार गर्न परमेश्वरको योजना छ भनेर भजनमा सुनिश्चित गरिएको छ । परमेश्वर उठ्नुहुने समय आउनेछ ! येशूका चेला याकूबले यी भनेर हामीलाई आश्वस्त पारेका छन्, " १० भाइ हो, कष्ट-भोग र धैर्यको उदाहरण कस्तो हुनुपर्ने हो, सो प्रभुको नाउँमा बोल्ने अगमवक्ताहरूलाई हेर । ११ हेर, धैर्य धारण गर्नेहरूलाई हामी धन्यका भन्छौं । तिमीहरूले अय्यूबको स्थिरताको विषयमा सुनेका छौ, र प्रभुको अभिप्राय देखेका छौ, कि प्रभु कस्तो करुणामय र कृपालु हुनुहुन्छ ।" याकूब ५:१०-११ ।

येशूभक्तहरूको इतिहासमा सबभन्दा पहिले शहीद हुनेमा हाबेल थिए जुन आदमका छोरा थिए । हनोक परमेश्वरसँग हिँडे तर संसारले उनलाई चिनेको थिएन । कट्टर धर्मी र बेकारमा मानिसहरूलाई चेतावनी दिने भनेर मानिसहरूले नोहाको हँसी उडाएका थिए । " 'जब मानिसहरूले तिमीहरूको गिल्ला गर्छन् र सताउँछन्,' तब अत्यन्तै खुशि होओ,' भनेर येशूले भन्नुभएको थियो । परमेश्वरका कतिपय भक्त जनहरूलाई मानिसहरूले गिल्ला गरे र पिटाइ खएका थिए । अनि उहाँले श्रोताहरूलाई अगमवक्ताहरूलाई औँल्याउनुभएको थियो जो परमेश्वरको नाउँमा बोलेका थिए । 'तिनीहरू दु:खकष्ट, सतावत र धैर्यताको निम्ति अनुसरणीय उदाहरण थिए' (याकूब ५:१०) ।' पावलले भन्दछन्, 'अरू बढ़ी म के भनूँ? किनकि गिदोन, बाराक, शिमशोन, यिप्ताको बारेमा, र दाऊद, शमूएल र अगमवक्ताहरूका विषयमा भनिरहन मलाई समय छैन– जसले विश्वासद्वारा राज्यहरू कब्जा गरे, न्याय स्थापना गरे, प्रतिज्ञाहरू हासिल गरे, सिंहका मुखहरू थुनिदिए, आगोका ज्वालाहरू निभाए, तरवारका धारबाट उम्के, कमजोरीबाट बलिया भए, युद्धमा वीर भए, विदेशीहरूका फौजलाई भगाए । स्त्रीहरूले आफ्ना मरेकाहरूलाई पुनरुत्थानद्वारा जीवित पाए । अरूहरूले मृत्युपछि अझ उत्तम जीवन प्राप्त गर्नलाई छुटकारा इन्कार गरेर बरु सास्ती भोगे । अरूहरूले गिल्ला, कोर्राबाजी, बन्धन र कैद पनि भोग्नुपऱ्यो । तिनीहरूलाई ढुङ्गाले हाने । तिनीहरू करौँतीले चिरिए। तिनीहरू तरवारले मारिए । भेड़ा र बाख्राका छालाहरू लाएर कङ्गाल भई क्लेश र दु:ख पाएर तिनीहरू यताउता डुलिहिँड़े । संसार तिनीहरूका निम्ति योग्यको थिएन। मरुभूमि, पहाड़हरू, गुफाहरू र पृथ्वीका ओड़ारहरू हुँदो तिनीहरूलाई घुमिहिँड्नुपऱ्यो ।' (हिब्रू ११:३२-३८) ।"- एलेन जी० *ह्वाइट थटस् फ्रम द माउन्ट अभ ब्लेसिङ्ग*, पृ०३३ ।

**चिन्तनमननः**

अ. दुष्ट, खराब, अन्याय, अत्यचार दमन आदिको बिगिबिगीले कतिपय समयमा परमेश्वर हुनुहुन्छ र भन्ने कुरामा हामीमा प्रश्न उठ्नु स्वभाविकै हो। के उहाँको प्रभुत्व कायम छ र भनेर हाम्रो विश्वासलाई डगमगाउने प्रलोभनबाट हामी कसरी बलियो हुँदै अघि बढ्ने? परमेश्वरको प्रेम, भलो र शक्तिप्रति हाम्रो आस्था जगाइ राख्ने हाम्रो दृष्टिकोण कहाँ राखिराख्नुपर्छ? येशूको क्रूसले परमेश्वर र उहाँको चरित्रबारे हामीलाई के बताउँछ?

आ. यस संसारमा भइरहेको अन्याय, अत्याचार, खराबलाई निर्मूल पार्न कुनै पनि मानवीय अगुवा, संस्था, सामाजिक अभियान र बुद्धिजीविहरूको योजनामा होइन तर न्यायको निम्ति परमेश्वरको वचनमा नै भरोसा राख्नुपर्छ भनेर ज्ञानमा रहनु हाम्रो निम्ति किन महत्त्व छ?

इ. परमेश्वरले गर्नुहुने न्यायमा पवित्र मन्दिरमा हुने विधिले व्यवहारिक सत्यतालाई कसरी बुझाउँछ?

ई. भजनका केही लेखकहरूका कठोर लवजहरूलाई हामीले कसरी बुझ्ने? तिनीहरूले लेखेका भाषाले तिनीहरू पनि मानव प्राणी नै हुन् भनेर हामी कसरी स्विकार्ने?

# कथा ६

# महँगो चिया कप

## टेरान्स (बङ्गलुर, भारत)



भारतको बङ्गलोरमा रहेको लावरी एडभेन्टिस्ट विश्वविद्यालयमा नर्सिङ्ग विषय पढिरहेको टेरान्स आफ्नो मुख्य होमवर्क सिद्याउन एक रातभरी अध्ययन गर्दै थियो। ऊ क्याम्पस बाहिर साथीहरूसँग अध्ययन गरिरहेको थियो। ऊ चिया पिउने लतमा लागेको थियो। रातभरि निन्द्रा नलागोस् भनेर उसले बराबर चिया पिउँथ्यो।

बिहान ४:३० बजे अर्को कप चिया बनाउन भान्सा कोठामा ऊ पस्यो। तर चिया पकाउन चिया सिद्धिसकेको थियो। उसलाई के गरूँ के गरूँ भयो। निन्द्रा नआओस् भनेर उसले प्रयास गरिरहेको थियो। उसले होमवर्क सिध्याउनै परेको थियो। अनि बाहिर सडकमा चिया पसलेले चिया बेचेको सम्झ्यो। साथीको मोटर साइकलबाट गएर सडकमा चिया पिएर तुरन्तै फर्किने र होमवर्क सिध्याउने उपायले ऊ मोटरसाइकलबाट बाहिर निस्क्यो। बङ्गलोरको मुल सडकमा ५५ माइल वा ८५ किलोमिटर प्रतिघन्टाको रफ्तारमा मोटर साइकल हाँक्दै थियो। उसले हेलमेट पनि लगाएको थिएन।

अचानक उसको नजिक एउटा कार आयो। त्यो कार पनि त्यही रफ्टारमा हाँकिरहेको थियो। त्यसमा रक्सी खान्दै गरेका युवाहरूले भरिएको थियो। तिनीहरूले टेरान्सको मोटरसाइकल नजिक ल्याउन खोज्यो। टेरान्स त्यस कारबाट भाग्न खोज्दै थियो। तर युवाहरू हाँस्दै उसको मोटरसाइकल नजिक आउन खोज्यो। टेरान्सलाई चिन्ता लाग्यो। उसले बेसरी हर्न बजायो तर कारमा रहेका युवाहरूले उसको अगाडि जाँडको बत्ताहरू फ्याँके। टेरान्स रिसाउन थाल्यो र तिनीहरूलाई गाली गर्न थाल्यो र तिनीहरूले पनि तिनीहरूलाई गाली बेइज्जत गरेर चिच्याउन थाले।

अब टेरान्स आफू कहाँ गइरहेको थियो त्यो उसले बिर्स्यो र ऊ ६५ माइल वा १०० किलोमिटरको रफ्तारमा मोटरसाइकल हाँक्न थाल्यो। अगाडि के थियो उसले देखेन । त्यहाँ रफ्तारलाई रोक्न टक्कर थियो। त्यसमा

उसले हान्यो र अब सबै थोक उसको निम्ति अन्धकार भयो। एक छिनमा उसले कारका केटाहरूसँग विवाद गरिरहेको थियो। तर एक क्षणमै बत्ती निभेको जस्तो भएको थियो।

जब ऊ बिउँझ्यो घडीमा ८:४५ बजिरहेको थियो। क्लासमा गएर नर्सिङ्ग होमवर्क दिने बेला भयो भनेर उसले सोच्यो। टेरान्स उठ्न खोज्यो तर उसको शरीर चलेन। उसले साथीहरूलाई सहयोगको निम्ति बोलायो तर आफू विश्वविद्यालयको आवास गृहमा नभएको थाहा पायो। उसले आफ्ना किताबहरू लिन खोज्यो तर आफू कहाँ छु भनेर उसलाई थाहा भएन। उसले क्यालेन्डर हेऱ्यो। जुलाइमा आफूले होम वर्क गरिरहेको याद आयो तर क्यालेन्डरले अगस्ट महिना देखायो। भित्तामा उसले उसका बाबुआमा र भाइको फोटो देख्यो। उसले भाइलाई चिन्यो। ऊ त आफ्नै घरमा थियो, तर उसलाई थाहा थिएन।

अचानक उसकी आमा कोठाभित्र पसिन्। टेरान्स व्युँझिएको देखेर आमा रूँदै उसलाई अङ्कमाल गरिन्। "मलाई धेरै खुशी लाग्यो तिमी उठिरहेको छ," आमाले भनिन्।

"तपाईं को हुनुहुन्छ?" भनेर मात्रै टेरान्सले जवाफ दियो। उसको वचनले आमाको हृदय छियाछिया भयो।

एक हप्तापछि मात्रै उसले आफ्ना बाबुआमालाई चिन्यो। अनि तिनीहरू र अरूले टेरान्सलाई के भयो सो सुनाए।

दुर्घटना भएको रातमा लावरी एडभेन्टिस्ट विश्वविद्यालयको पास्टरले "तपाईंको विद्यार्थीको शरीर लैजाउनु होस्," भनेर पुलिसले फोन गरेको थियो। उधारो लिएर चलाएको मोटरसाइकलको सिटमुनि पास्टरको फोन नम्बर थियो। आपतकालिन समयमा सम्पर्क गर्नको निम्ति त्यो फोन नम्बर त्यहाँ थियो। टेरान्स दुर्घट्नाले सख्त घाइटे भएको थियो र उसको शरीर उसकै हो अरूहरू र मोटर साइकल लिएको साथीले पनि चिन्न सकेन। रक्सीले मात्तिएर कार चलाएका युवाहरूलाई के भयो उसलाई थाहा भएन। टेरान्स धेरै दिनसम्म अचेत अवस्थामा थियो र उसलाई सहरको तीन वटा अस्पतालमा सारेको थियो।

जब उसका बाबुआमाले उसलाई देख्यो तब तिनीहरू भयभित भए। अस्पतालको पैसा तिर्न तिनीहरूसँग पैसा पनि थिएन। लावरी एडभेन्टिस्ट युनिभर्सिटीका साथीहरूले पैसा तिर्न सहयोग गरे र उसको निम्ति प्रार्थनाहरू

पनि गरे। पास्टर उसलाई बराबर भेट्न गए। तीन महिना दुर्घट्ना भएपछि टेरान्स राम्रो भएर युनिभर्सिटीमा फर्क्यो।

आज ऊ नर्स भएको छ। उसले बाँच्ने दोस्रो अवसर पाएकोले परमेश्वर, परिवार र धेरै साथीहरूप्रति उनी आभारित छन्। उसले येशूलाई आफ्नो हृदय दिन आजभोली भन्दै आनकानी गरेको थियो। जब दुर्घटनापछि ऊ निको भएर अध्ययन गर्न विश्वविद्यालयमा फर्क्यो तब उसले बप्तिस्माको निम्ति नपर्खिने निर्णय गर्‍यो। "धेरै समय अघि नै मैले बप्तिस्मा लिनु पर्थ्यो। तर मैले धेरै कुराहरू छोड्नुपरेकोले म डराइरहेको थिएँ। मैले धेरै समयसम्म बप्तिस्मा लिन आनकानी गरिरहेको थिएँ। दुर्घट्नापछि अब म पर्खिनुभएन भनेर महसुस गरेँ। जीवनमा कुन बेला के हुन्छ कसैलाई थाहा हुँदैन। त्यसकारण, बप्तिस्माको निम्ति पर्खिनु असल होइन भनेर मैले सोचेँ," टेरान्सले सुनायो।

उसले विश्वविद्यालयमा बप्तिस्मा लियो। दुर्घट्नाले चिया कफी नपिउन पनि सिकायो भनेर टेरान्सले भन्यो, "यदि मेरो कथाको शिर्षक दिन चाहन्छु भने यसलाई 'मेरो जीवनको अत्यन्तै महङ्गो चिया,' भन्न चाहन्छु। यो एकदम महँगो थियो र यसगर्दा मैल धेरै थोकहरू गुमाउनु पर्‍यो। तर जब अहिले पछाडि फर्कर हेर्छु मलाई दुर्घट्ना भएको असलै भयो भन्न म सक्छु। मैले परमेश्वरबाट पाठ सिक्नु आवश्यक थियो। मलाई ठिक बाटोमा आउनु आवश्यक थियो।

युवाहरूको निम्ति उसको विशेष सल्लाह छ। त्यो सल्लाह सरल छ, "यस संसारमा जन्मिने प्रत्येक मानव प्राणीको निम्ति परमेश्वरको योजना छ। त्यो योजना पूरा नहुञ्जेल उहाँले तिमीहरूलाई छोड्न चाहनुहुन्न। तिमीहरूको भविष्य छैन भनेर सोचेतापनि यर्मिया १:५को पद याद गरिराख्नुपर्छ। परमेश्वरले यो भन्नुभएको छ, " "मैले तिमीलाई गर्भमा रच्नभन्दा अघि नै तिमीलाई चिनिसकेको थिएँ, तिमी जन्मनभन्दा अघि नै मैले तिमीलाई अलग गरें। मैले तिमीलाई जाति-जातिहरूका निम्ति एक अगमवक्ता नियुक्त गरें।"

-आन्ड्र्यु मेकचेस्नी